# कोल्हवी नगरपालिकाको आ.ब. २०७४/७५ को प्रथम नगरसभाबाट तपसिल अनुसारका निर्णयहरु गरियो ।

**प्रस्ताव नं. १ निति तथा कार्यक्रमका सम्वन्धमा ।**

निर्णय नं. १ आर्थिक वर्ष २०७४।०७५ को प्रस्तावित आय-व्यय एवं निति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ ऐन नियमावली कार्यविधि र निर्देशिका का सम्वन्धमा ।**

**निर्णय नं. २ :** नगर कार्यपालिकाबाट निर्णय भई प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत नेपालको संविधान २०७२ को अनुसुचि ८ बमोजिमका स्थानीय तहका एकल अधिकार सुची र अनुसुची ९ बमोजिमका साझा अधिकार सुचीको परिधि भित्र रही कोल्हवी नगरसभाले स्थानीय सरकार संचालनका लागि आवश्यक पर्ने आर्थिक ऐन, विनियोजन ऐन लगायत अन्य नियमावली कार्यविधि र निर्देशिकाहरु नगर सभामा छलफल हुदा प्राप्त सुझावहरु समेतलाई समावेश गरी तपसिल बमोजिमका ऐन, नियमावली, कार्यविधि र निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

**क) केल्हवी नगरपालिकाको आर्थिक ऐन, २०७४**

केल्हवी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावनाः केल्हवी नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम केल्हवी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७४” रहेको छ ।

२. सम्पति करः नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर, घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापतको कर आवश्यक कानुन बनाई व्यवस्थापन गरिने छ ।

७. सवारी साधन करः नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहिञ बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. कर छुटः यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुची १

| | | | |
|---|---|---|---|
| २६ | **घर जग्गा कर** | | |
| | क | घर जग्गाको मूल्य पहिलो १० लाख सम्म | **कर नलाग्ने** |
| | ख | घर जग्गाको मूल्य त्यस पछिको १० लाख सम्म | **३५०।००** |
| | ग) | त्यस पछिको ३० लाख सम्म | **०।०५** |
| | | त्यस पछिको ५० लाख सम्म | **०।२५** |
| | | त्यस पछिको १ करोड  सम्म | **०।५** |
| | | त्यस पछिको बाकी रकममा | **१।५** |
| २७ | क) घर जग्गा नामासारी, हकभोग प्रमाणित, मोही लगत कट्टा, मोही नामसारी ५ कठ्ठा सम्म | | **२००।००** |
| | ख) घर जग्गा नामासारी, हकभोग प्रमाणित, मोही लगत कट्टा, मोही नामसारी ५ कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप हुदै जाने | | **५०।००** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ग) एका सगोलको घर जग्गा नामासारी, हकभोग प्रमाणित, मोही लगत कट्टा, मोही नामसारी प्रति १ कठ्ठा सम्म प्रति सिफारिस रू.१००।० त्यस पछि तथ रू.१०।- | | | | | | **१०।००** |
| १६ | **मूल्यांकन तथा हैसियत प्रमाणित दस्तुर (सम्पत्ति मूल्याङ्कन सेवा शुल्क)** | | | | _ | | _ |
| | हैसियत प्रमाणित दस्तुर : कुनै पनि नगरवासीहरू आफ्नो सम्पत्तिको हैसियत तोकी ( अंग्रेजी वा नेपालीमा) सिफारिस माग्न आएमा निम्नानुसार दस्तुर लाग्ने छ। | | | | | | |
| | | क. | रू. २ करोड भन्दा माथि जतिसुकैको हैसियत प्रमाणितमा (वैदेशिक प्रयोजनमा) | | | | **५०००।००** |
| | | ख. | रू.१ करोड देखि रू. २ करोड सम्मको हैसियत प्रमाणितमा (वैदेशिक प्रयोजनमा) | | | | **४०००।००** |
| | | ग. | रू.५० लाखदेखि १ करोडसम्मको हैसियत प्रमाणितमा (वैदेशिक प्रयोजनमा) | | | | **३०००।००** |
| | | घ | रू.५० लाख सम्मको हैसियत प्रमाणितमा (वैदेशिक प्रयोजनमा) | | | | **२०००।००** |
| | | ङ. | अन्य मूल्यांकन सिफारिसमा न्यूनतम रू. २०० मा कम नहुने गरी ०.१ प्रतिशतका दरले हुने | | | | |
| | *नोटः* | अचल सम्पती मुल्याङकन गरी संशोधनको लागि ३५ दिन भित्र आएमा लागेको शुल्कको २५ प्रतिशत शुल्क लिई संशोधन गर्न सकिने छ। | | | | | |
| १७ | **वस्तुगत विवरण प्रमाणित दस्तुर (घरगोठ भए/नभएको)** | | | | | | |
| | | जग्गाको क्षेत्रफल पहिलो दुई कठ्ठासम्म | | | | | **२००।००** |
| | | जग्गाको क्षेत्रफल दुईदेखि पांच कठ्ठासम्म | | | | | **५००।००** |
| | | जग्गाको क्षेत्रफल पांच कठ्ठादेखि माथि प्रति कठ्ठा रू.५०।- थप लिइने छ। | | | | | |
| | *नोटः* | ५ कठ्ठा भन्दा बढी जग्गाकोक्षेत्रफल धुरमा आएमा धुर जग्गाको सिफारिस शुल्क गणना गर्दा कठ्ठा सरह गरिने छ। | | | | | |

## अनुसुची २

| | | |
|---|---|---|
| २५ | **भूमिकर ( मालपोत) वार्षिक प्रतिकठ्ठा** | **१५।००** |

## अनुसुची ३

| | | |
|---|---|---|
| १ | **सम्पत्ति बहाल शुल्क :** | |

| | | | | |
|---|---|---|---|---|
| | यन्त्र उपकरण प्रयोग गरेवापत | | | |
| | जे.सि.भी. तथा व्याकहो लोडर | उपभोक्ता समितिलाई प्रति घण्टा ( स्वयंले तेल हालेर) | | **१०००।००** |
| | | अन्य ( स्वयंले तेल हालेर) | | **१५००।००** |
| | नोटः क) न.पा.को लागत सहभागितामा संचालन हुने काममा २० प्रतिशत छुट | | | |
| | क) कार्यालयमा रकम दाखिला भएपछि काम हुन नसकी रकम फिर्ता माग भएमा २५ प्रतिशत रकम कट्टी गरिनेछ। | | | |
| | ख) नगरक्षेत्र बाहिरका कुनैपनि निकायका लागि छुट सुविधा उपलब्ध नहुने। | | | |
| २ | नगरपालिकाले आफनो स्वामित्वमा रहेको नम्वरी, ऐलानी, पर्ति जमिन भाडामा दिदा | | | |
| | क. बजार क्षेत्रका लागि प्रति स्कवायर फिट रू. ५० | | | |
| | ख. ग्रामीण क्षेत्रको लागि रू. २५ | | | |
| | ग. ५ कठ्ठा भन्दा वढि एकै व्यक्ति वा संस्थालाई दिदा बजार क्षेत्रको लागि प्रति स्कवायर फिट रू. २५ र ग्रामिण क्षेत्रको लागि रू १५ | | | |
| | घ. घर तथा टहरा प्रतिकोठा बजार क्षेत्रको लागि कम्तीमा रू. २४००० (ठाउ हेरेर मुख्य बजार र भित्रि वजार मा फरक हुने) | | | |
| | ङ. घर तथा टहरा प्रतिकोठा ग्रामिण क्षेत्रको लागि कम्तीमा रू. १२००० (ठाउ हेरेर) | | | |
| | च. जमिन तथा घरको भाडा अलग अलग हिसाव हुने छ। | | | |
| | छ. व्यक्ति वा संस्थाले घर तथा भवन भाडामा दिदा दिएको भाडा रकमको १० प्रतिशत न.पा. लाई बुझाउनु पर्ने। | | | |

## अनुसुची ४

| | | |
|---|---|---|
| १ | **व्यापारिक वस्तु** | |
| १.१ | **खाद्य किराना** | **स्वीकृत दर रेट** |
| १.१.१ | बजार क्षेत्रका “क” बर्गको थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **६००।००** |
| १.१.३ | बजार क्षेत्रका “ख” बर्गको थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **४००।००** |
| १.१.४ | ग्रामीण क्षेत्रका “क” बर्गको थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **४००।००** |
| १.१.५ | ग्रामीण क्षेत्रका “ख” बर्गको थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **३६०।००** |
| १.१.६ | चिसो पेय पदार्थ (कोल्ड ड्रिक्स) सहित बेकरी (पाउरोटी आदी) बिक्रेताको लागि | **३६०।००** |
| | नोट : ५० लाख भन्दा कम पुजी भई भ्याटमा दर्ता भएका कारोवार वालाको रू.६०० | |
| १.२ | **मासु बिक्रेता** | |
| १.२.१ | धेरै थरिका मासु बिक्रेताको लागि | **४००।००** |
| १.२.२ | एकथरिका मात्र मासु बिक्रेताको लागि | **३६०।००** |

| | | |
|---|---|---|
| १.३ | **सुनचांदी तथा गरगहना** | |
| १.३.१ | सुनचांदी तथा गहनाहरूको खरिद बिक्री गर्ने ( सोरूम सजावट भएकालाई) बिक्रेताको लागि | **७०००।००** |
| १.३.२ | सुनचांदी तथा गहनाहरूको खरिद बिक्री गर्ने ( सोरूम सजावट नभएकालाई) बिक्रेताको लागि | **२५००।००** |
| १.३.३ | ज्याला मात्र लिई सुनचांदी तथा गहनाहरूको सम्बन्धि काम गर्ने (ज्यासल) को लागि | **१५००।००** |
| १.४ | **श्रृगारका , खेलौना तथा उपहार (गिफ्ट) सामानहरू** | |
| १.४.१ | बजार क्षेत्रका “क” बर्गको थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **५००।००** |
| १.४.२ | बजार क्षेत्रका “ख” बर्गको थोक तथा खुद्रा दुबै बिक्रेताको लागि | **४००।००** |
| १.४.३ | ग्रामीण क्षेत्रका श्रंगार सामानका बिक्रेताको लागि | **३००।००** |
| १.४.४ | खेलाना तथा गिफ्ट बिक्रेता | **१००।००** |
| १.५ | **निर्माण सामग्री (हार्डवेयर)** | |
| १.५.१ | बजार क्षेत्रका “क” बर्गको  बिक्रेताको लागि (१० लाख भन्दा माथि) | **२५००।००** |
| १.५.२ | बजार क्षेत्रका “ख” बर्गको  बिक्रेताको लागि | **१५००।००** |
| १.५.३ | ग्रामीण क्षेत्रका बिक्रेताको लागि | **१०००।००** |
| १.५.४ | रंग रोगन जन्य सामनहरूको थोक बिक्रेताको लागि | **१५००।००** |
| १.५.५ | रंग रोगन जन्य सामनहरूको खुद्रा दुबै बिक्रेताको लागि | **१५००।००** |
| १.५.६ | घर सजावटका सामानहरू बिक्रेताको लागि | **१३००।००** |
| १.५.७ | ईट्टा,सिमेन्ट, काठ तथा दाउरा तथा बांस बिक्रेताको लागि | **१०००।००** |
| १.५.८ | फलाम तथा फलाम जन्य बस्तुहरू बिक्रेताको लागि | **१०००।००** |
| १.५.९ | फोटो फ्रेम तथा ग्लासहाउस हरूका लागि | **५००।००** |
| १.६ | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धि पार्टस** | |
| १.६.१ | मेशिनरी तथा सवारी साधन दुबै सो सम्बन्धि पार्टस बिक्रेताको लागि | **८००।००** |
| १.६.२ | मोटरसाईकलको स्थानिय आधिकारीक बिक्री शो रूम सहित सर्भिसिङ्ग सेन्टरहरू | **२०००।००** |
| १.६.३ | हेभी सवारी साधनहरू (बस,ट्रक,डोजर लोडर आदी) बिक्रेताको लागि | **१००००।००** |
| १.६.४ | हल्का साधनहरू (जिप कार आदी) बिक्रेताको लागि | **१००००।००** |
| १.६.५ | टेम्पो ,टेक्टर तथा ई रिक्सा सवारी साधनहरूको बिक्रेताको लागि | **३५००।००** |
| १.६.६ | बजार क्षेत्रका “क” बर्गको मोटर पार्टस बिक्रेताको लागि | **१५००।००** |
| १.६.७ | बजार क्षेत्रका “ख” बर्गको मोटर पार्टस बिक्रेताको लागि | **११००।००** |
| १.६.८ | बजार क्षेत्रका “क” बर्गको औधोगिक तथा मेशिनरी सामान बिक्रेताको लागि | **३५००।००** |
| १.६.९ | बजार क्षेत्रका “ख” बर्गको औधोगिक तथा मेशिनरी सामान बिक्रेताको लागि | **२५००।००** |
| १.६.१० | मोबिल डिलरवालाको लागि | **१०००।००** |
| १.६.११ | टायर बिक्री डिलरहरूलाइ | **१३००।००** |

| | | |
|---|---|---|
| १.७ | **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री** | |
| १.७.१ | पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री बिक्रेताको लागि | **१५००।००** |
| १.७.२ | स्टेशनरी तथा खेलकुद सामाग्री बिक्रेताको लागि | **१२००।००** |
| १.७.३ | **फार्मेसी ,औषधी ,तथा आयुर्बेदिक पसल** | |
| १.७.४ | थोक तथा खुद्रा बिक्री सहित क्लीनिक भएकाहरूको लागि | **२०००।००** |
| १.७.५ | खुद्रा बिक्री सहित क्लीनिक भएकाहरूको लागि | **१५००।००** |
| १.७.६ | औषधी बिक्रेताहरूको लागि मात्र | **१०००।००** |
| १.७.७ | ग्रामीण क्षेत्रका औषधी बिक्रेताहरूको लागि मात्र | **७००।००** |
| १.७.८ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्री गर्ने बिक्रेताहरूको लागि | **५००।००** |
| १.८ | **कृषीजन्य औषधि ,बिउ बिजन तथा मलखाद** | |
| १.८.१ | कृष्षी तथा भेटनरी औषधि सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको लागि | **१०००।००** |
| १.८.२ | कृष्षी तथा भेटनरी औषधि तथा बिउ बिजन बिक्रेताको लागि | **८००।००** |
| १.८.३ | कृष्षी तथा भेटनरी औषधि तथा मलखाद बिक्रेताको लागि | **८००।००** |
| १.८.४ | कृष्षी तथा भेटनरी औषधि मात्र बिक्रेताको लागि | **७००।००** |
| १.८.५ | मलखाद तथा बिउबिजन बिक्रेताको लागि | **६००।००** |
| १.९ | **कपडा तथा फेन्सी सम्बन्धि** | |
| १.९.१ | "क" बर्गको तयारी तथा थान कपडाहरूको बिक्रेताको लागि | **८००।००** |
| १.९.२ | "ख" बर्गको तयारी तथा थान कपडाहरूको बिक्रेताको लागि | **६००।००** |
| १.९.३ | अन्य तयारी तथा थान कपडा बिक्रेताहरूको लागि | **५००।००** |
| १.९.४ | सिलाई सम्बन्धि सामाग्री ( टांक, धागो लगाएत अन्य) सामान बिक्रेताहरूको लागि | **३६०।००** |
| १.१० | **जुत्ता तथा चप्पल सम्बन्धि** | |
| १.१०.१ | स्वरूम सहित स्वदेशी तथा बिदेशी जुत्ता चप्पल बिक्रेताहरूको लागि | **८००।००** |
| १.१०.२ | अन्य जुत्ता चप्पल बिक्रेताहरूको लागि | **५००।००** |
| १.१०.३ | परम्परागत सिपबाट घरेलु उत्पादन गरि बिक्री गर्ने बिक्रेताहरूको लागि | **३६०।००** |
| १.११ | **भांडा पसलहरू** | |
| १.११.१ | "क" बर्गका तामा,पित्तल,स्टिल तथा अल्मुनियमका भांडा बिक्रेताको लागि | **८००।००** |
| १.११.२ | "ख" बर्गका तामा,पित्तल,स्टिल तथा अल्मुनियमका भांडा बिक्रेताको लागि | **६००।००** |
| १.११.३ | प्लास्टिक जन्य भांडा बिक्रेताको लागि | **६००।००** |
| १.११.४ | माटोका भांडा बिक्रेताको लागि | **३६०।००** |
| १.१२ | **ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सामान बिक्रेताको लागि** | |
| १.१२.१ | ईलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्स सम्बन्धि दुबै सम्बन्धि सामान बिक्रेताको लागि | **१५००।००** |
| १.१२.२ | ईलोक्ट्रनिक्स सम्बन्धि सामान बिक्रेताहरूको लागि | **१२००।००** |
| १.१२.३ | बजार क्षेत्रमा ईलेक्ट्रीक (बिद्युतिय) ससामान बिक्रेताको लागि | **१०००।००** |

| | | |
|---|---|---|
| १.१२.४ | ग्रामीण क्षेत्रमा ईलेक्ट्रीक (बिद्युतिय) ससामान बिक्रेताको लागि | **७००।००** |
| १.१२.५ | कम्प्युटर एवं पार्टस सम्बन्धि बिक्रेताको लागि | **१०००।००** |
| १.१२.६ | घडि, रेडियो तथा भिडियो सि.डि. बिक्रेताको लागि | **५००।००** |
| १.१२.७ | मोबाईल एवं पार्टस बिक्रेताहरूको लागि | **३६०।००** |
| <u>१.१३</u> | **<u>फर्निचर सम्बन्धित</u>** | |
| १.१३.१ | तेश्रो मुलुकबाट आयातित सामन बिक्रेताको लागि | **२५००।००** |
| १.१३.२ | काठ, स्टिल,प्लास्टिक सामान सहित कार्पेट समेत बिक्र गर्ने बिक्रेताको लागि | **१५००।००** |
| १.१३.३ | काठ, तथा स्टिलका मात्र सामान बिक्री गर्ने बिक्रेताको लागि | **१३००।००** |
| <u>१.१४</u> | **<u>मदिरा तथा सुर्तिजन्य समान बिक्रेताको लागि</u>** | |
| १.१४.१ | मदिराको थोक बिक्रेताको लागि | **३५००।००** |
| १.१४.२ | मदिराको खुद्रा बिक्रेताको लागि | **२५००।००** |
| १.१४.३ | चुरोटका डिलरहरूलाई | **२०००।००** |
| १.१४.४ | सुर्ति प्याकेजिङ्ग गर्ने हरूको लागि | **८००।००** |
| <u>१.१५</u> | **<u>तरकारी तथा फलफुल</u>** | |
| १.१५.१ | तरकारीका थोक बिक्रेताका लागि | **५००।००** |
| १.१५.२ | तरकारीका खुद्रा बिक्रेताको लागि | **४००।००** |
| १.१५.३ | फलफुलको थोक बिक्रेताको लागि | **५००।००** |
| १.१५.४ | फलफुलका खुद्रा बिक्रेताको लागि | **४००।००** |
| <u>१.१६</u> | **<u>हस्तकलाका सामानहरू बिक्री गर्नेलाई</u>** | |
| १.१६.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि सामानहरू बिक्री गर्नेलाई | **३६०।००** |
| १.१६.२ | सामान आायात गरि बिक्री गर्नेहरूलाई | **५००।००** |
| <u>१.१७</u> | **<u>पेट्रोलिय पदार्थ तथा ग्यांस बिक्रेता</u>** | |
| १.१७.१ | पेट्रोल तथा डिजेल दुबै बिक्रेताको लागि | **२५००।००** |
| १.१७.२ | डिजेल मात्र बिक्री गर्नेहरूको लागि | **१७००।००** |
| १.१७.३ | मट्टीतेल डिलरहरूको लागि | **६००।००** |
| १.१७.४ | ग्यास डिलरहरूको लागि | **१०००।००** |
| <u>२</u> | **<u>बिशेषज्ञ परामर्श तथा अन्य ब्यसायिक सेवा</u>** | |
| <u>२.१</u> | **<u>चिकित्सक</u>** | |
| २.१.१ | व्यवसायीक रूपमा चिकित्सक सेवा प्रदान गर्नेहरूका लागि | **१५००।००** |
| <u>२.२</u> | **<u>कबिराज</u>** | |
| २.२.१ | व्यवसायीक रूपमा कबिराज सेवा प्रदान गर्नेहरूका लागि | **५००।००** |
| <u>२.३</u> | **<u>इन्जिनियर</u>** | |
| २.३.१ | ईन्जिनियरिङ्ग कन्सल्टेण्ट दर्ता गरि सेवा प्रदान गर्नेहरूका लागि | **१५००।००** |

| | | |
|---|---|---|
| २.४ | **कानुन ब्यबसायी** | |
| २.४.१ | अभिबक्ताहरूलाई | **५५०।००** |
| २.४.२ | अधिबक्ताहरूलाई | **१५००।००** |
| २.५ | **लेखा परिक्षक** | |
| २.५.१ | क बर्गको लागि | **१५००।००** |
| २.५.२ | ख बर्गको लागि | **१०००।००** |
| २.५.३ | ग बर्गकको लागि | **५००।००** |
| २.६ | **दन्त चिकित्सक** | |
| २.६.१ | दन्त चिकित्सक | **१५००।००** |
| २.७ | **अनुसन्धान कर्ता तथा परामर्शदाता** | |
| २.७.१ | बैदेशिक रोजगार परामर्शदाता | **१५००।००** |
| २.७.२ | बैदेशिक अध्ययन परामर्शदाता | **२०००।००** |
| २.७.३ | तालिम तथा अनुसन्धान केन्द्रहरू | **१५००।००** |
| २..८ | **कम्प्युटर एनालिष्ट तथा प्रेगामर** | |
| २.८.१ | कम्प्युटर एनालिष्ट तथा प्रेगामर | **१५००।००** |
| २.९ | **बिमा एजेन्ट** | |
| २.९.१ | बिमा एजेन्ट | **१५०००।००** |
| २.१० | **सर्भेयर** | |
| २.१०.१ | सर्भेयर | **१५००।००** |
| २.११ | **अनुबादक** | |
| २.११.१ | अनुबादक | **१५००।००** |
| २.१२ | **पशु चिकित्सक** | _ |
| २.१२.१ | पशु चिकित्सक | **१५००।००** |
| २.१३ | **शेयर दलाल** | |
| २.१३.१ | शेयर दलाल | **१५००।००** |
| २.१४ | **सामान ढुवानीकर्ता तथा कम्पनी** | |
| २.१४.१ | “क” बर्गको ट्रान्सपोर्ट का लागि | **२०००।००** |
| २.१४.२ | “ख” बर्गको ट्रान्सपोर्ट का लागि | **१५००।००** |
| २.१५ | **संस्थागत पेन्टर** | |
| २.१५ | संस्थागत पेन्टर | **५०००।००** |
| ३ | **निर्माण ब्यबसाय :–नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण ब्यबसायमा** | |
| ३.१ | **निर्माण व्यवसाय** | |
| ३.१.१ | “क” बर्गको लागि | **५०००।००** |

| | | |
|---|---|---|
| ३.१.२ | “ख” बर्गको लागि | **४०००।००** |
| ३.१.३ | “ग” बर्गको लागि | **३०००।००** |
| ३.१.४ | “घ” बर्गको लागि | **२०००।००** |
| | द्रष्टब्यः- निर्माण कम्पनीको हकमा आश्विन मासान्त भित्र तिर्न आएमा निम्नाअनुसार छूट हुनेछ।<br>क) “क” र “ख” बर्गका लागि ३० प्रतिसत<br>ख) “ग” र “घ” बर्गका लागि ४० प्रतिसत | |
| ४ | **उत्पादन मुलक उद्योग :-** | |
| ४.१ | **केमिकल तथा आईरन सम्बन्धि** | |
| ४.१.१ | सिमेन्ट उद्योगहरू | **१००००।००** |
| ४.१.२ | पेन्टस् उद्योगहरू | **७७००।००** |
| ४.१.३ | प्लास्टीक सामान तथा दाना उद्योयहरू | **६०००।००** |
| ४.१.४ | पोलिथिन पाईप उद्योगहरू | **५०००।००** |
| ४.१.५ | फलाम तथा फलाम जन्य उद्योगहरू | **३०००।००** |
| ४.१.६ | साबुन तथा सर्फ उद्योगहरू | **३०००।००** |
| ४.१.७ | केमिकल तथा आईरन सम्बन्धि अन्य उद्योगहरू | **३०००।००** |
| ४.२ | **खाद्य तथा पेय सम्बन्धि** | |
| ४.२.१ | मैदा तथा गहुंबाट उत्पादन हुने  मिलहरू | **५०००।००** |
| ४.२.२ | दुग्ध तथा दग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरू | **२५००।००** |
| ४.२.३ | कफी तथा चियापत्ती उद्योगहरू | **१५००।००** |
| ४.२.४ | चामल तथा दाल मिल तथा उद्योगहरू | **२५००।००** |
| ४.२.५ | चाउचाउ, चाउमिन उद्योगहरू | **३०००।००** |
| ४.२.६ | बरफ तथा आईसक्रिम उद्योगहरू | **११००।००** |
| ४.२.७ | पानी प्रशोधन उद्योगहरू | **१५००।००** |
| ४.२.८ | बिस्कुट उद्योगहरू | **५५००।००** |
| ४.२.९ | खाद्य तथा पेय सम्बन्धि अन्य उद्योगहरू | **३०००।००** |
| ४.२.१० | पेय पदार्थ उत्पादन उद्योगहरू | **३०००।००** |
| ४.३ | **कपडा तथा गार्मेन्ट** | |
| ४.३.१ | कपडा उत्पादन गर्ने उद्योगहरू | **३०००।००** |
| ४.३.२ | गलैचा तथा कार्पेट उद्योगहरू | **२०००।००** |
| ४.३.३ | गार्मेन्ट उद्योगहरू | **१५००।००** |
| ४.४ | **कृषी तथा पशुदाना उत्पादन सम्बन्धि** | |
| ४.४.१ | ह्याचरीहरू | **२५००।००** |
| ४.४.२ | पशुपंक्षी दाना उद्योगहरू | **२०००।००** |

| | | |
|---|---|---|
| ४.४.३ | भेटनरी औषधी उद्योगहरू | **३०००।००** |
| ४.४.४ | बिउ बिजन उद्योग | **१५००।००** |
| ४.४.५ | खाद्य मल उत्पादन उद्योग | **३०००।००** |
| ४.५ | **उर्जा तथा ईन्जिनियरिङ्ग उद्योग** | |
| ४.५.१ | बिधुतिय समाग्री उत्पादन गर्ने उद्योगहरू | **३०००।००** |
| ४.५.२ | सोलार सम्बन्धि उद्योगहरू | **२०००।००** |
| ४.५.३ | मेशिनरी पार्टस उत्पादन गर्ने उद्योगहरू | **३०००।००** |
| ४.५.४ | ईरिक्सा उद्यौगहरू | **२०००।००** |
| ४.६ | **मदिरा तथा सुर्तिजन्य अत्पादन उद्योग** | |
| ४.६.१ | चुरोट उद्योगहरू | **१००००।००** |
| ४.६.२ | बियर तथा अल्कोहल उद्योगहरू | **१००००।००** |
| ४.६.३ | अन्य सुर्तिजन्य सामान उत्पादक उद्योगहरू | **६०००।००** |
| ४.७ | **साना तथा घरेलु उद्योगहरू** | |
| ४.७.१ | धुप, अबिर, मैनबत्ती घरलु उद्योगहरू | **१०००।००** |
| ४.७.२ | मसला उद्योगहरू | **१०००।००** |
| ४.७.३ | कागज उद्योगहरू | **१०००।००** |
| ४.७.४ | हस्तकला उद्योगहरू | **१०००।००** |
| ४.८ | **निर्माण सामाग्री उद्योगहरू** | |
| ४.८.१ | गिट्टी, बालुवा लगाएतका उद्योगहरू | **२०००।००** |
| ४.८.२ | प्यकेजिङ्ग बस्तु उत्पादन उद्योगहरू | **२०००।००** |
| ४.८.३ | ब्लक उत्पादन उद्योगहरू | **१५००।००** |
| ४.८.४ | फलामे औजार उत्पादन गर्ने उद्योगहरू | **१५००।००** |
| ४.८ | अन्य माथी उल्लेख नभएकोहरूका लागि | |
| ४.८.१ | अन्य नखुलेका उद्योगहरू रू १०००, देखी १०,०००।०० सम्म | |
| ५ | उर्जामुलक उद्योग :- | |
| ५.१ | **जेनेटरबाट बिद्युत उत्पादन गरि ग्राहकहरूमा बिधुत बितरण गर्ने ब्यसाय** | |
| ५.१.१ | १० के.भी.ए. सम्मको जेनेरेटर प्रयोगमा गर्ने लाई | **२०००।००** |
| ५.१.२ | १० के.भी.ए. भन्दा बढी बढी प्रयोग गर्नेलाई प्रति के.भी.ए. २००।०० का दरले | |
| ५.१.३ | ७५ के.भी.ए. सम्मको जेनेरेटर प्रयोगमा गर्ने लाई | **१५०००।००** |
| ६ | **कृषी तथा वन्यजन्य उद्योग:-** | |
| ६.१ | **दुग्ध चिस्यान केन्द्र** | |
| ६.१.१ | दुग्ध चिस्यान केन्द्र स्थापना गरि बिक्री गर्नेलाई | **१०००।००** |
| ६.१.२ | दुग्ध चिस्यान केन्द्र | **६००।००** |

| | | |
|---|---|---|
| ६.२ | **ब्यबसायीक कृषी फर्महरू** | |
| _ | ग्रमीण कुखुरा पालन गर्नेहरूको लागि | **५००।००** |
| ६.२.१ | २००० सम्म कुखुरा पालन गर्नेहरूको लागि | **१०००।००** |
| ६.२.२ | २००० भन्दा बढी  कुखुरा पालन गर्नेहरूको लागि | **१५००।००** |
| ६.२.३ | बंगुर तथा माछापालन गर्ने ब्यबसायीहरूलाई | **१०००।००** |
| ६.२.४ | गाई तथा बाख्रा पालन गर्ने ब्यबसायीहरूलाई | **२०००।००** |
| ६.२.५ | कृषी फर्महरू कम्पनी दर्ता गरि संचालन गर्नेहरूलाई | **२५००।००** |
| ६.३ | **ब्यवसायीक नर्सरी** | |
| ६.३.१ | ब्यवसायीक नर्सरी गर्नेहरूलाई | **५००।००** |
| ६.३.२ | फुल तथा बिरूवा सम्बन्धि | **३६०।००** |
| ७ | **खनिज उद्योगः-** | |
| ७.१ | **खनिज उद्योगः-** | |
| ७.१.१ | खनिज उद्योगः- | **२०००।००** |
| ८ | **पर्यटन उद्योग** | |
| ८.१ | **रिसोटहरू तथा ठुला मोटल तथा होटलहरू** | |
| ८.१.१ | रिसोटहरू ब्यवसायीहरूको लागि | **८५००।००** |
| ८.१.२ | १ तारे होटलहरूको लागि | **४५००।००** |
| ८.१.३ | २ तारे होटलहरूको लागि | **६०००।००** |
| ८.१.४ | ३ तारे होटलहरूको लागि | **७०००।००** |
| ८.२ | **लजहरू** | |
| ८.२.१ | १० बेड सम्मको लागि | **१०००।००** |
| ८.२.२ | २० बेड सम्मको लागि | **११००।००** |
| ८.२.३ | २० बेड भन्दाको लागि | **२५००।००** |
| ८.२.४ | होटल सहित लज सेवाभएकाहरूको लागि | **३०००।००** |
| ८.३ | **खाना तथा नास्ता होटलहरू** | |
| ८.३.१ | क बर्गका खाना वा नास्ता होटलहरूको लागि | **१०००।००** |
| ८.३.२ | ख बर्गका खाना वा नास्ता होटलहरू | **७००।००** |
| ८.३.३ | ग्रामीण एरियाको होटलहरू | **५००।००** |
| ८.४ | **मदीरा सहितका नास्ता होटलहरू** | |
| ८.४.१ | बजार क्षेत्रका क बर्गका मदीरा सहितका नास्ता होटलहरू | **१५००।००** |
| ८.४.२ | बजार क्षेत्रका ख बर्गका मदीरा सहितका नास्ता होटलहरू | **१०००।००** |
| ८.४.३ | ग्रामीण एरियाको मदीरा सहितका नास्ता होटलहरू | **७००।००** |
| ८.५ | **रेष्टुरेन्टहरू** | |

| | | |
|---|---|---|
| ८.५.१ | क बर्गका लागि | **३०००।००** |
| ८.५.२ | ख बर्गका लागि | **२०००।००** |
| ९ | **सेवा उद्योग** | |
| ९.१ | **कोल्ट स्टोरज** | |
| ९.१.१ | कोल्ड स्टोरेजहरुको लागि | **१५००।००** |
| ९.२ | **प्रेस (छापाखाना) तथा फ्लेक्स प्रिन्टस तथा अन्य प्रिन्टर्स सम्बन्धि** | |
| ९.२.१ | अफसेट प्रेस तथा फ्लेक्स प्रिन्टस दुबै भएकाहरुको लागि | **२०००।००** |
| ९.२.२ | अफसेट प्रेस भएकाहरुको लागि | **१५००।००** |
| ९.२.३ | फ्लेक्स प्रिन्टस तथा स्क्रीन प्रिन्मात्रको ब्यवसाय गर्नेहरुको लागिदुबै | **१०००।००** |
| ९.३ | **बैकल्पिक उर्जा (गोबर ग्यांस सौर्य उर्जा कम्पनी आदी )** | |
| ९.३.१ | सोलार सम्बन्धि सेवा प्रदायक संस्थाहरू | **८००।००** |
| ९.३.२ | गोबर ग्यांस सेवा प्रदायक कम्पनीहरू | **८००।००** |
| ९.३.३ | सोलार सम्बन्धि सामान उत्पादन तथा बिक्री गर्ने ब्यवसाय | **१७००।००** |
| ९.३.४ | गोबर ग्यांस सम्बन्धि सामान उत्पादन तथा बिक्री गर्ने व्यवसाय | **११००।००** |
| ९.४ | **कुटानी पिसानी मिल** | |
| ९.४.१ | तेल,चामल,चिउरा आदी कुटानी पिसानी गरि बिक्री गर्नेलाई मिलहरुलाई | **१०००।००** |
| ९.४.२ | तेल,चामल,चिउरा आदी कुटानी पिसानी मात्र गर्ने मिलहरुलाई | **६००।००** |
| ९.४.३ | पिठो तथा मसाालाा मिलहरुलाई लाई | **३६०।००** |
| १० | **निर्माण उद्योग** | |
| १०.१ | **ब्यापारीक कम्पलेक्स** | |
| १०.१.१ | ब्यापारीक कम्पलेक्स भवन संचालन गर्नेहरू | **१००००।००** |
| १०.२ | **आवासिय कम्पलेक्स** | |
| १०.२.१ | आवासिय भवन संचालन गर्नेहरू | **१००००।००** |
| ११ | संचार सेवा | |
| ११.१ | **पत्रपत्रिकाहरू** | |
| ११.१.१ | दैनिक पत्रिका क र ख बर्गलाई | **८००।००** |
| ११.१.२ | दैनिक पत्रिका ग र घ बर्गलाई | **७००।००** |
| ११.१.३ | साप्ताहिक क र ख बर्गलाई | **६००।००** |
| ११.१.४ | साप्ताहिक ग र घ बर्गलाई | **५००।००** |
| ११.१.५ | बर्गिकरणमा नपरेका पत्र पत्रिकाहरुलाई | **४००।००** |
| ११.२ | **निजी संचार सेवा प्रदायक संस्थाहरू** | |
| ११.२.१ | एफ.एम.हरू | **१५००।००** |
| ११.२.२ | स्थानिय टेलिभिजनहरू | **१५००।००** |

| | | |
|---|---|---|
| ११.२.३ | साईबर तथ कम्युनिकेशन सेन्टरहरू | **६००।००** |
| ११.२.४ | निजी क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरू | **१०००।००** |
| ११.२.५ | निजी टेलिफोन प्रदायक संस्थाहरू | **५००।००** |
| ११.३ | **निजी क्षेत्रका हुलाक तथा कुरीयर सेवा** | |
| ११.३.१ | पार्सल कुरीयर सेवाको मूख्य कार्यालय भएकाहरूलाईं | **६००।००** |
| ११.३.२ | पार्सल कुरीयर सेवाको शाखा कार्यालय भएकाहरूलाईं | **५००।००** |
| १२ | **बित्तिय सेवा** | |
| १२.१ | **बाणिज्य तथा बिकास बैंक** | |
| १२.१.१ | मूख्य कार्यलय भएकाहरूको लागि | **५०००।००** |
| १२.१.२ | शाखा कार्यलयहरूको लागि | **३०००।००** |
| १२.२ | **बित्तिय संस्थाहरू** | |
| १२.२.१ | मूख्य कार्यलय भएकाहरूको लागि | **३०००।००** |
| १२.२.२ | शाखा कार्यलयहरूको लागि | **१५००।००** |
| १२.३ | **बिमा कम्पनी** | |
| १२.३.१ | बिमा एजेन्सीहरूको लागि | **१०००।००** |
| १२.३.२ | बिमा कम्पनीको शाखा कार्यालयको लागि | **५०००।००** |
| १२.४ | **बिदेसी मुद्रा सटही तथा मनि ट्रान्सफरहरूको लागि** | |
| १२.४.१ | बिदेसी मुद्रा सटही | **१५००।००** |
| १२.४.२ | मनि ट्रान्सफरहरूको लागि | **१५००।००** |
| १२.५ | **सहकारी बैङ** | |
| १२.५.१ | सहकारी बैङ | **३०००।००** |
| १२.६ | **धितोपत्र कारोबार** | |
| १२.६.१ | धितोपत्र कारोबार शाखा कार्यालय | **२२००।००** |
| १२.७ | **सहकारी संस्थाहरू** | |
| १२.७.१ | बचत तथा ऋण र अन्य सहकारी संस्थाहरू | **२०००।००** |
| १३ | **स्वास्थ्य सेवाः-** | |
| १३.१ | **निजी क्षेत्रको अस्पतालहरू (सामुदायिक, सहकारी तथा नसिङ्गहोम हरू) को लागि** | |
| १३.१.१ | निजी क्षेत्रको अस्पतालहरू (सामुदायिक, सहकारी तथा नसिङ्गहोम हरू) को लागि | **३०००।००** |
| १३.२ | **ल्याब तथा एक्सरे मात्र संचालन गर्नेहरूकको लागि** | |
| १३.२.१ | ल्याब तथा एक्सरे मात्र संचालन गर्नेहरूकको लागि | **५००।००** |
| १४ | **शिक्षा सेवा** | |
| १४.१ | **निजि क्षेत्रका शिक्षालयहरू** | |
| १४.१.१ | प्रा.बि तह | **१५००।००** |

| | | |
|---|---|---|
| १४.१.२ | माध्यामिक तह | **२०००।००** |
| १४.१.३ | उच्च माध्यामिक तह र सो भन्दा माथिल्लोतहहरू/ प्राबिधिक शिक्षालय | **३०००।००** |
| <u>१४.२</u> | **<u>प्रशिक्षण केन्द ( इन्सिटच्युट )हरू</u>** | |
| १४.२.१ | टाईपिङ्ग/कम्प्युटर प्रशिक्षण केन्द्रहरू | **१०००।००** |
| १४.२.२ | भाषा प्रशिक्षण केन्द्रहरूसम्बन्धित | **१०००।००** |
| १४.२.३ | टयुसन तथा कोचिङ्ग सेन्टरहरू | **१०००।००** |
| १४.२.४ | सिलाई /बुनाई तथा हस्तकला सम्बन्धि प्रशिक्षण केन्द्रहरू | **७००।००** |
| १४.२.५ | अन्य तालिम /अनुसन्धान तथा शिक्षण तालिमहरू केन्द्रहरू | **१०००।००** |
| <u>१५</u> | **<u>मर्मत संभार सेवा</u>** | |
| <u>१५.१</u> | **<u>ईजिनियरिङ्ग बर्क्स</u>** | |
| १५.१.१ | क बर्गका ईजिनियरिङ्ग बर्क्स | **३०००।००** |
| १५.१.२ | ख बर्गका ईजिनियरिङ्ग बर्क्स | **२०००।००** |
| १५.१.३ | २ भन्दा बढी लेथ मेशिन संचालन गर्ने व्यवसायीलाई | **१५००।००** |
| १५.१.४ | २ वटा सम्म लेथ मेशिन संचालन गर्ने व्यवसायीलाई | **१०००।००** |
| <u>१५.२</u> | **<u>सवारी साधन मर्मत</u>** | |
| १५.२.१ | बस, ट्रक तथा ठुला सवारी साधन मर्मत गर्ने | **१०००।००** |
| १५.२.२ | जिप,कार तथा हल्का सवारी साधन मर्मत गर्ने | **१०००।००** |
| १५.२.३ | टेम्पो तथा टेक्टर मर्मत गर्नेलाई | **७००।००** |
| १५.२.४ | मूख्य बजार क्षेत्रमा मोटरसाईकल मर्मत गर्ने | **६००।००** |
| १५.२.५ | मख्य बजार क्षेत्र भन्दा बाहिर मोटरसाईकल मर्मत गर्ने | **५००।००** |
| १५.२.६ | ग्रामीण क्षेत्रमा मोटर साईकल मर्मत गर्नेलाई | **४००।००** |
| १५.२.७ | क बर्गका बडी विल्डर्सका लागि | **३५००।००** |
| १५.२.८ | ख बर्गका बडी विल्डर्सका लागि | **२२००।००** |
| <u>१५.३</u> | **<u>सवारी साधनको टायर, ब्याट्री तथा अन्य सम्बन्धि</u>** | |
| १५.३.१ | टायर रिसोलिङ्ग | **१५००।००** |
| १५.३.२ | टायर खोल फिट तथा हावा भर्ने | **५००।००** |
| १५.३.३ | डेन्टिङ्ग स्प्रे र पेन्टिङ्ग | **५००।००** |
| १५.३.४ | ब्याट्री मर्मत | **५००।००** |
| १५.३.५ | सिट हुड बनाउने ब्यबसायीलाई | **५००।००** |
| <u>१५.२</u> | **<u>मेशिनरी पार्टस मर्मत</u>** | |
| १५.२.१ | फियूल पम्प तथा पानी तान्ने मोटर पम्प मर्मत गर्ने  ब्यवसायीलाई | **५००।००** |
| १५.२.२ | मिलहरूको पार्टस तथा अन्य समान्य मेशिनरी पार्टस मर्मत गर्ने | **५००।००** |
| <u>१५.३</u> | **<u>अन्य मर्मत सेवा</u>** | |

| | | |
|---|---|---|
| १५.३.१ | रिक्सा साईकल | **३६०।००** |
| १५.३.२ | ईलोक्ट्रोनिक्स सामानहरूको मर्मत गर्ने व्यवसायीहरू | **५००।००** |
| १५.३.३ | ईलेक्ट्रीक्स सामानहरूको मर्मत गर्ने व्यवसायीहरू | **५००।००** |
| १५.३.४ | स्टोभ ,छाता टर्च लाईट जुत्ता ,झोला, आदी | **३६०।००** |
| १५.३.५ | सिलाई मेशिन तथा अन्य घरायसि सामानहर मर्मत गर्नेलाई | **३६०।००** |
| १५.३.६ | रेडियो, टि.भी. घडी, मोबाईल तथा टेलिफोन सेट आदी मर्मत | **३६०।००** |
| १५.३.७ | कम्प्युटर, प्रिन्ट, तथा फोटोकपी मर्मत गर्ने ब्यबसायीलाई | **५००।००** |
| १६.२ | **बैदेशिक रोजगार सेवा** | |
| १६.२.१ | मूख्य कार्यलय भएकाहरूको लागि | **२०००।००** |
| १६.२.२ | शाखा कार्यालयहरूको लागि | **१०००।००** |
| १६.३ | **स्वदेशी रोजगार सेवा** | |
| १६.३.१ | मूख्य कार्यलय भएकाहरूको लागि | **१०००।००** |
| १६.३.२ | शाखा कार्यालयहरूको लागि | **५००।००** |
| १६.४ | **सेक्रेटेरियल सेवा** | |
| १६.४.१ | मूख्य कार्यलय भएकाहरूको लागि | **२०००।००** |
| १६.४.२ | शाखा कार्यालयहरूको लागि | **१०००।००** |
| १६.५ | **हाउजिङ्ग कम्पनी तथा घर जग्गा खरिद बिक्री (रियल स्टेट)** | |
| १६.५.१ | हाउसिङ कम्पनी (घर, जग्गा खरिद, बिक्रि) ठूला खालका | **३०००।००** |
| १६.५.२ | मूख्य कार्यलय भएकाहरूको लागि | **२५००।००** |
| १६.५.३ | शाखा कार्यालयहरूको लागि | **१५००।००** |
| १६.६ | **सामान ढुवानीकर्ता तथा कम्पनी** | |
| १६.६.१ | मूख्य कार्यलय भएकाहरूको लागि | **१०००।००** |
| १६.६.२ | शाखा कार्यालयहरूको लागि | **५००।००** |
| १६.७ | **ब्युटी पार्लर तथा हजाम सेवा** | |
| १६.७.१ | श्रंगारको सामान सहित ब्युटी पार्लर गर्नेहरूलाई | **५००।००** |
| १६.७.२ | ब्युटी पार्लर मात्र गर्ने व्यवसायीहरूलाई | **४००।००** |
| १६.७.३ | बजार क्षेत्रका सैलुनहरूलाई | **४००।००** |
| १६.७.४ | ग्रामीण क्षेत्रका सैलुनहरूलाई | **३६०।००** |
| १६.८ | **ड्राई क्लिनर्स,** | |
| १६.८.१ | ड्राई क्लिनर्स, | **३६०।००** |
| १६.९ | **फोटो स्टुडियो** | |
| १६.९.१ | डिजिटल कलर ल्याब भएकाहरूलाई | **१०००।००** |
| १६.९.२ | बजार क्षेत्रका फोटो स्टुडियोहरूलाई | **५००।००** |

| | | |
|---|---|---|
| १६.९.३ | ग्रमीण क्षेत्रका फोटो स्टुडियो हरूलई | **३६०।००** |
| १६.१० | **सिलाई तथा बुनाई गर्ने** | |
| १६.१०.१ | बजार क्षेत्रमा कपडा सहित सिलाई बुनाई गर्ने हरूलाई | **५००।००** |
| १६.१०.२ | सिलाई बुनाई मात्र गर्ने हरूलाई | **३६०।००** |
| १६.११ | **साईनबोर्ड बनाउने तथा पेन्टीङ्ग सेवा** | |
| १६.११.१ | डिजिटल मेशन समेत राखी काम गने बजार क्षेत्रकालाई | **८००।००** |
| १६.११.२ | ग्रमीाण क्षेत्रका लाई | **५००।००** |
| १६.१२ | **पशु बधशाला** | |
| १६.१२.१ | पशु बधशाला | **१०००।००** |
| १६.१३ | **क्याटरिङ्ग तथा पार्टी प्यालेसहरू** | |
| १६.१३.१ | पार्टी प्यलेसहरूका लागि | **१५००।००** |
| १६.१३.२ | क्याटरिङ्ग तथा टेण्ट दुबैको लागि | **१२५०।००** |
| १६.१३.३ | टेण्टहरूको लागि मात्र | **१०००।००** |
| १७.४ | **कवाडी सामान ब्यवसाय** | |
| १७.४.१ | क बर्गको कवाडी सामान ब्यबसायीहरूको लागि | **३०००।००** |
| १७.४.२ | ख बर्गको कवाडी सामान ब्यबसायीहरूको लागि | **१५००।००** |
| १७.१ | **शिशु स्याहार तथा निजि छात्राबासहरू** | |
| १७.६.१ | मन्टेश्वरी/शिशु स्याहार केन्द्हरू | **७००।००** |
| १७.६.२ | निजी छात्राबासहरू | **७००।००** |
| २९ | जडिबुटि | |
| क | साना जडिबुटि प्रसोधन केन्द्र | **२,०००।००** |
| ख | साना जडिबुटि प्रसोधन केन्द्र | **१०,०००।००** |
| ३० | ईट्टा भट्टा | **१०,०००।००** |
| ३१ | वन | |
| क | तामागढी साझेदारी वन | **कुल संकलित रकमको ७५ प्रतिशत** |
| ख | सहजनाथ साझेदारी वन | **कुल संकलित रकमको ७५ प्रतिशत** |
| ३२ | माछा पोखरीबाट माछा उठाई अन्यत्र सप्लाई गर्ने व्यापारीहरू बाट प्रति क्यिुन्टल | **२५।००** |
| | नोट व्यवसायिक कारोबार थप भएमाः | |
| | एउटै फर्मको नामबाट एक भन्दा बढी कारोबार थप गर्ने भएमा तोकिएको दरमा ५० प्रतिशत र सो भन्दा | |
| | बढी कारोबार थप भएमा ३० प्रतिशतका दरले कर थप हुँदै जानेछ। साथै तोकिएको व्यवसायमा सबैभन्दा | |
| | बढी कर लाग्ने व्यवसायिक कारोबारलाई मुख्य कारोबार मानी व्यवसाय कर असुल गरिनेछ। | |

| | |
|---|---|
| | |

अनुसुची ५

| | | | | |
|---|---|---|---|---|
| १ | **पटके सवारी कर :** | | | |
| | क. | विदेशी टेलर लहरी | | ५००।०० |
| | ख. | विदेशी बस, ट्रक | | ३००।०० |
| | ग. | विदेशी मिनी बस | | १५०।०० |
| | घ. | विदेशी जिप, कार | | १००।०० |
| | ङ. | ट्रक, बस , मिनि बस , माईक्रोबस (पटके) | | २०।०० |
| | च. | टेलर पावर | | २०।०० |
| | छ. | माइक्रोबस | | २०।०० |
| | ज. | भाडाका जिपकार | | १०।०० |
| | झ. | जीप, कार तथा ल्याण्डरोभर ( निजी) | | ५।०० |
| | ञ. | टेम्पो | | ५।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | सार्वजनिक सम्पत्ति मर्मत संभार शुल्क | | | | |
| | | वस | | | ७५।०० |
| | | ट्रक | | | ७५।०० |
| | | ट्र्याक्टर | | | ५०।०० |

**अनुसुची ६**

| | | |
|---|---|---|
| 16.1 | **बिज्ञापन सेवा** | |
| 16.1.1 | बिज्ञापन एजेन्सीहरूका लागि | १०००।०० |

| | | | |
|---|---|---|---|
| १० | **प्रचार तथा विज्ञापन कर (१०-१६-१)** | | |
| | व्यवसायीक दृष्टिकोणबाट प्रचार गर्न टांसिने वा राखिने प्रत्येक ग्लुवोर्ड, साइनबोर्ड, होर्डिङ बोर्ड आदिमा निम्न बमोजिम कर लाग्नेछ :- | | |
| | डि.पि.एस्. बोर्डमा १० ब.फि. सम्म प्रति बोर्डको बोर्ड वार्षिक | | १५०।०० |
| | डि.पि.एस्. बोर्डमा १० ब.फि. भन्दा माथि प्रति वर्ग फिट | | ४०।०० |

| | | |
|---|---|---|
| | प्रचार, प्रसार पर्चा पम्प्लेट प्रति पाना | १।०० |
| | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका होर्डिङबोर्डहरूमा प्रति स्क्वा.फुट | ४०।०० |
| | ब्यापारिक तथा ब्यवसायिक प्रयोजनका फ्लेक्स प्रति स्क्वा.फुट | १०।०० |
| | कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स ब्यानर प्रति थान प्रति पटक | १५०।०० |
| | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता वा पर्खालमा लेखिएकोमा वार्षक प्रति स्क्वा.फुट | ३।०० |
| | एक दिनको प्रचार प्रसार गर्ने कार्यक्रम लाई (प्रतिदिन) | ५००।०० |
| | डिजिटल होडिड बोर्ड | ५०००।०० |
| | राजनैतिक, धार्मिक तथा राष्ट्रिय महत्वका विषय वस्तुहरूको प्रचार सामग्रीका हकमा कुनैपनि कर वा शुल्क लाग्ने छैन । | |

**अनुसुची ७**

| | | |
|---|---|---|
| ९.५ | **चलचित्र भवन** | |
| ९.५.१ | क बर्गको लागिचलचित्र भवन | ५५०००।०० |
| ९.५.२ | ख बर्गको लागिचलचित्र भवन | ३३०००।०० |
| १६.१४ | **पुलहाउस तथा अन्य मनोरन्जनका लागि** | |
| १६.१४.१ | स्नुकर तथा पुल हाउस | १०००।०० |
| १६.१४.२ | भिडियो गेमहरू | १०००।०० |
| १६.१५ | **केबल नेटवर्किङ्ग ब्यबसाय** | |
| १६.१५.१ | नगरमा केबल नेटवर्किङ्ग ब्यबसाय गर्ने | ५०००।०० |
| १७ | **अन्य व्यवसायः-** | |
| १७.१ | **पार्क, पिकनिक स्पट** | |
| १७.१.१ | ब्यसायीकरूपमा पार्क तथा पिकनिक स्थल संचालन गर्ने ब्यवसायलाई | १०००।०० |
| १७.१.२ | स्वीमिङ्ग पुल हरूलाई | १०००।०० |
| १७.२ | **टुर अप्रेटर** | |
| १७.२.१ | पर्यटक तथा तिर्थ यात्रीहरूको सेवा प्रदानगर्नेहरूको लागि | ५००।०० |
| १७.३ | **मसाज पार्लर** | |
| १७.३.१ | शारिरीक ब्यायाम क्लब हरूको लागि | १०००।०० |
| १७.५ | **माईक, ईलेक्ट्रीक वा ईलोक्ट्रोनिक्स सामान भाडामा दिने ब्यबसायलाई** | |
| १७.५.१ | साउण्ड सिस्टम भाडामा दिने ब्यवसायीहरूको लागि | १०००।०० |

**अनुसुची ८**

| | | | | |
|---|---|---|---|---|
| १८ | कान्जी हाउस दस्तुर : नगरपालिका क्षेत्रभित्र पशुपंक्षी छाडा भै बाली, विरुवा नोक्सानी गरेको वा गर्ने सम्भावना देखिएमा त्यस्ता पशुपंछीहरूलाई नगरपालिकाको कान्जि हाउसमा थुनी राखिदिने । समातेर ल्याएको भोलि पल्टसम्म सम्बन्धित ब्यक्ति फिर्ता लिनआएमा तोकिए बमोजिम जरिवाना लिई छाडिने छ । | | | |
| | क. | बंगुर, सुंगुर आदिमा १ को जरिवाना प्रति दिनको | | ५०।०० |
| | ख. | गाई, गोरू, रांगा, भैसी आदिमा प्रति १ को जरिवाना प्रति दिनको | | ७५०।०० |
| | ग. | खसी, बाख्रा आदिमा १ को जरिवाना प्रति दिनको | | २०।०० |
| १९ | **सिफारिस दस्तुर** | | | |
| | | विद्युत जडान सिफारिस दस्तुर : | | |
| | | क. | थ्री फेस जडान | २००।०० |
| | | ख. | पसलमा बिद्युतजडानका लागी | १००।०० |
| | | ग. | गार्हस्थ (घरायसी) प्रयोजनका लागी | १००।०० |
| | | घ | बिधुत लाईन ठाउं सारी | १००।०० |
| | | खानेपानी जडान सिफारिस दस्तुर : | | १००।०० |
| | | चौहद्धि (चार किल्ला) प्रमाणित : | | १५०।०० |
| | | जन्ममिति, विवाहित/अविवाहित, नाता सम्वन्धमा चरित्र प्रमाणित तथा नामथर संसोधनःको निम्न अनुसार शुल्क लाग्ने छ । | | |
| | | क. | अंग्रेजी भाषाबाट दिइने प्रति प्रमाणित सिफारिसमा (अंग्रेजी भाषा बाट दिईने छात्र वृत्ति समेत ) | २००।०० |
| | | ख | नागरिकता सिफारिस | १००।०० |
| | | ग | जन्ममिति प्रमाणीत नेपालीमा | १००।०० |
| | | घ | विवाह मिति प्रमाणीत नेपालीमा | १००।०० |
| | | ङ. | चरित्र प्रमाणीत नेपालीमा | १००।०० |
| | | च | नामथर संसोधन सिफारीस नेपालीमा | १००।०० |
| | | छ | अविवाहित प्रमाणीत नेपालीमा | १००।०० |
| | | ज | कोष प्रमाणीत नेपालीमा | १००।०० |
| | | झ. | जनजाती, दलित, पीछडिएका वर्ग मधेशी आदि अदालती तारीख आदी प्रमाणीत सीफारीसमा नेपालीमा | १००।०० |
| | | ञ | अन्यसीफारीसमा | १००।०० |

| | | | | |
|---|---|---|---|---|
| | | ट | अन्यत्र ठेगाना भएका यस नगरभित्र रहेका सरकारी वा सरकारी कार्यालय र सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानका कर्मचारीहरूको परिवारको नागरिकताको सिफारिस गर्दा प्रति सिफारिस | १००।०० |
| | | ठ | मृत्युको नाता प्रमाणित र मृत्यु भएको सिफारिसमा दस्तुर लाग्ने छैन । | **निःशुल्क** |
| | | ड | छात्रबृत्ति सिफारीसमा | २५।०० |
| | | ढ | अंगिकृत नागरीकता  सिफारीसमा | १००।०० |
| | | ण | कोर्ट फि सिफारिसमा | १००।०० |
| | | त | नाबालक सिफारिस (नेपालीमा) | १००।०० |
| | | नाता सम्वन्धमा प्रमाणीत (नेपाली भाषामा) | | १५०।०० |
| | | नामसारी सिफारिस : | | २००।०० |
| | | उद्योग दर्ता सिफारिस : | | |
| | | क. | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | २०००।०० |
| | | ख. | अटो मोबाइल, अटो वर्क्सप्सको लागि | १०००।०० |
| | | ग. | फर्निचर उद्योग | १०००।०० |
| | | घ. | अन्यको लागि सर्जमिन समेत | ६००।०० |
| | | ङ. | घरेलुमा दर्ता भै प्रा लि को सफिारीसका लागि सर्जमिन समेत | ६००।०० |
| | | काठको सिफारिस दिंदा : | | |
| | | क. | जर्ना प्रति ट्रिपमा टेक्टर | २५०।०० |
| | | ख | जर्ना प्रति ट्रिपमा ट्रक | ५००।०० |
| | | ग | गैह्र–सामाजिक संघ–सस्था दर्ता सिफारिसमा | २००।०० |
| | | घ | अन्य सिफारिसमा | २००।०० |
| | | ङ. | न्यूनतम रू.२०० मा नघट्ने गरी घरसारको काठ सिफारिस दिदां प्रति क्युविक फिटमा | २।०० |

**अनुसुची ८**

| | | | |
|---|---|---|---|
| २३ | **दिवा सवारी पार्किङ्ग शुल्कः** | | |
| | मोटरसाइकल | | १०।०० |
| | साइकल | | ५।०० |
| | टागा | | २५।०० |

| | | | |
|---|---|---|---|
| | अन्य वस,ट्रक,टयक्टर | | ३०।०० |
| | इरिक्सा,टेम्पो,जिप,कार | | २५।०० |

**अनुसुची १०**

| | | | | |
|---|---|---|---|---|
| २४ | **फोहर संकलन सेवा शुल्कः** | | | |
| | **नगरपालिकाले तोकेको क्षेत्रमा फोहर संकलन सेवा शुल्क निम्नानुसार लाग्नेछः-** | | | |
| | | ठूला होटल, लज, रेष्टुरेन्ट, संघ संस्था (सरकारी बाहेक) आदिलाई मासिक | | २००।०० |
| | | वित्तीय संस्था निजी विद्यालय, क्याम्पसहरूमा | | १००।०० |
| | | मासु पसल (ठूलो) मासिक | | १००।०० |
| | | साना होटल तथा रेस्टुरेन्टहरूका लागि मासिक | | ५०।०० |
| | | मासु पसल (सानो) मासिक | | ५०।०० |
| | | घर गृहस्थीका लागि | | ५०।०० |
| | | पसल/सटरवालाहरू संग प्रति पसल/टहरा, चिया नास्ता होटेलमा मासिक | | ५०।०० |
| | | ठेलामा प्रतिदिन | | ५।०० |
| द्रष्टब्यः पसल र घर एकै व्यक्तिबाट सञ्चालन भएमा दुवैको सफाई शुल्क जोडी लिईनेछ। | | | | |
| २२ | निजिक्षेत्रको विद्यालय अप्ग्रेडिङ सिफारिस (सरकारी स्कूलको अप्ग्रेडिङमा सिफारिस छुट) | | | २०००।०० |
| १८ | कान्जी हाउस दस्तुर : नगरपालिका क्षेत्रभित्र पशुपंक्षी छाडा भै बाली, विरूवा नोक्सानी गरेको वा गर्ने सम्भावना देखिएमा त्यस्ता पशुपंछीहरूलाई नगरपालिकाको कान्जि हाउसमा थुनी राखिदिने। समातेर ल्याएको भोलि पल्टसम्म सम्बन्धित ब्यक्ति फिर्ता लिनआएमा तोकिए बमोजिम जरिवाना लिई छाडिने छ। | | | |
| | क. | बंगुर, सुंगुर आदिमा १ को जरिवाना प्रति दिनको | | ५०।०० |
| | ख. | गाई, गोरू, रांगा, भैसी आदिमा प्रति १ को जरिवाना प्रति दिनको | | ७५०।०० |
| | ग. | खसी, बाख्रा आदिमा १ को जरिवाना प्रति दिनको | | २०।०० |
| १९ | **सिफारिस दस्तुर** : | | | |
| | विद्युत जडान सिफारिस दस्तुर : | | | |
| | क. | थ्री फेस जडान | | २००।०० |
| | ख. | पसलमा बिद्युतजडानका लागी | | १००।०० |
| | ग. | गार्हस्थ (घरायसी) प्रयोजनका लागी | | १००।०० |
| | घ | बिधुत लाईन ठाउं सारी | | १००।०० |
| | खानेपानी जडान सिफारिस दस्तुर : | | | १००।०० |
| | चौहद्धि (चार किल्ला) प्रमाणित : | | | १५०।०० |
| | जन्ममिति, विवाहित/अविवाहित, नाता सम्वन्धमा चरित्र प्रमाणित तथा नामथर संसोधनःको निम्न अनुसार शुल्क लाग्ने छ। | | | |

| | | | |
|---|---|---|---|
| | क. | अंग्रेजी भाषाबाट दिइने प्रति प्रमाणित सिफारिसमा (अंग्रेजी भाषा बाट दिईने छात्र वृत्ति समेत ) | २००\|०० |
| | ख | नागरिकता सिफारिस | १००\|०० |
| | ग | जन्ममिति प्रमाणीत  नेपालीमा | १००\|०० |
| | घ | विवाह मिति प्रमाणीत  नेपालीमा | १००\|०० |
| | ङ. | चरित्र प्रमाणीत नेपालीमा | १००\|०० |
| | च | नामथर संसोधन सिफारीस  नेपालीमा | १००\|०० |
| | छ | अविवाहित प्रमाणीत  नेपालीमा | १००\|०० |
| | ज | कोष प्रमाणीत  नेपालीमा | १००\|०० |
| | झ. | जनजाती, दलित, पीछडिएका वर्ग मधेशी आदि अदालती तारीख आदी प्रमाणीत सीफारीसमा नेपालीमा | १००\|०० |
| | ञ | अन्यसीफारीसमा | १००\|०० |
| | ट | अन्यत्र ठेगाना भएका यस नगरभित्र रहेका सरकारी वा सरकारी कार्यालय र सरकारको स्वामित्वमा रहेको प्रतिष्ठानका कर्मचारीहरूको परिवारको नागरिकताको सिफारिस गर्दा प्रति सिफारिस | १००\|०० |
| | ठ | मृत्युको नाता प्रमाणित र मृत्यु भएको सिफारिसमा दस्तुर लाग्ने छैन । | **निःशुल्क** |
| | ड | छात्रबृत्ति सिफारीसमा | २५\|०० |
| | ढ | अंगिकृत नागरीकता  सिफारीसमा | १००\|०० |
| | ण | कोर्ट फि सिफारिसमा | १००\|०० |
| | त | नाबालक सिफारिस (नेपालीमा) | १००\|०० |
| | नाता सम्वन्धमा प्रमाणीत (नेपाली भाषामा) | | १५०\|०० |
| | नामसारी सिफारिस : | | २००\|०० |
| | उद्योग दर्ता सिफारिस : | | |
| | क. | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | २०००\|०० |
| | ख. | अटो मोबाइल, अटो वर्क्ससपको लागि | १०००\|०० |
| | ग. | फर्निचर उद्योग | १०००\|०० |
| | घ. | अन्यको लागि सर्जमिन समेत | ६००\|०० |
| | ङ. | घरेलुमा दर्ता भै प्रा लि को सफिारीसका लागि सर्जमिन समेत | ६००\|०० |
| | काठको सिफारिस दिंदा : | | |
| | क. | जर्ना प्रति ट्रिपमा टेक्टर | २५०\|०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख | जर्ना प्रति ट्रिपमा ट्रक | | | | ५००।०० |
| | ग | गैह्र-सामाजिक संघ-सस्था दर्ता सिफारिसमा | | | | २००।०० |
| | घ | अन्य सिफारिसमा | | | | २००।०० |
| | ङ | न्यूनतम रू.२०० मा नघट्ने गरी घरसारको काठ सिफारिस दिदां प्रति क्युविक फिटमा | | | | २।०० |
| | च | अमिन खटाई जग्गा नापजाच गरेवापत प्रति किता | | | | १०००।०० |

### ख) कोल्हवी नगरपालिकाको विनियोजन विधेयक,२०७४

यस नगरपालिकाको विनियोजन ऐन, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

### कोल्हवी नगरपालिकाको आर्थिक वर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** कोल्हवी नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कोल्हवी नगरपालिकाको नगर सभाले यो विधेयक बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:** **(१)**यस ऐनको नाम "कोल्हवी नगरपालिकाकाको विनियोजन विधेयक, २०७४" रहेको छ ।

२.**आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.४१३४०६०००।- (अक्षेरुपी एकचालिस करोड चौतिस लाख छ हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** **(१)** यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त कोल्हवी नगरपालिका नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगतखर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमानगर सभाको स्वीकृतिलिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३ | ४ | ५ | ६ | ७ |
| १ | नगरकार्यपालिका | १८११२८ | २४७०४४ | | |

## ग) **नगरसभा संचालन कार्यविधि, २०७४**

कोल्हवी नगरपालिकाको नगरसभाको कार्य संचालन गर्न, वैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारर्वाहि नियमित एंव प्रभावकारी वनाउनको लागि नगरसभा संचालन गर्दा मर्यादित र छिटो निर्णयमा पुग्न सहयोग पुग्ने देखिएकोले कोल्हवी नगरपालिका **नगरसभा संचालन कार्यविधि, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

## घ) **सहकारी ऐन, २०७४**

कोल्हवी नगरपालिका भित्र रहेका सहकारीहरुलाई सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप स्थानीय स्तरमा छरिएर रहेको पूजि, प्रविधि तथा प्रतिभालाई स्वावलम्वन र पारस्परिकताका आधारमा एकिकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नती गर्न, समुदायमा आधारीत, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यावसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एंव दिगो रुपमा स्थानिय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संसथाहरुको दर्ता, संचालन एवम् नियमन गर्नको लागि कोल्हवी नगरपालिका **सहकारी ऐन, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

## ङ) **शिक्षा नियमावली, २०७४**

नेपालको संविधान एंव स्थानिय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानिय तहमा शिक्षा सम्वन्धि अधिकार कार्यान्वयन गर्न र कोल्हवी नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई संचालनमा रहेका विद्यालयहरुको, व्यवस्थापन सुधार गदै गुणस्तरिय शिक्षाको विकास गर्न कोल्हवी नगरपालिका **शिक्षा नियमावली, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

## **च) पदाधिकारीहरुको आचारसंहिता, २०७४**

नेपालको संविधान वमोजिम सहकारीता, सहअस्तित्व र समन्वयका आधारमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गदै संघ, प्रदेश र स्थानिय तह विच सुमधुर अन्तर सरकार सम्वन्ध कायम गर्न, स्थानिय शासन व्यवस्थामा जनताको अर्थ पूर्ण सहभागिता प्रवर्द्धन गर्दै वढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानिय शासनको प्रत्याभुती गर्न, स्थानिय तहलाई जनताको विश्वासिलो शासन ईकाइका रुपमा स्थापित गर्न, स्थानिय तहवाट समाजका विभिन्न वर्ग धर्म, लिंग, जातजातिका मौलिक संस्कृति प्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानुनी राज्य, संघिय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित विवरण र दिगो विकासको अवधारणालाई मूर्त रुप दिन जनताबाट निर्वाचित पदाधिकारहिरुको आचरण र क्रियाकलापहरुलाई सोहि अनुरुप मर्यादित र नमुना योग्य तुल्याउनका लागि कोल्हवी नगरपालिकाका **पदाधिकारीहरुको आचारसंहिता, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

**छ) कोल्हवी नगर कार्यपालिका ( कार्य विभाजन ) नियमावली, २०७४**

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरि कोल्हवी नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरुको कार्य संचालनका लागि **कोल्हवी नगर कार्यपालिका ( कार्य विभाजन ) नियमावली, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

**ज) वैठक संचालन सम्वन्धी कार्यविधि, २०७४**

कोल्हवी नगर कार्यपालिका अन्तरगत हुने वैठक, वैठक वस्ने स्थान र समय, छलफलको विषय उपस्थिति वैठक संचालन प्रक्रिया, निर्णय सम्वन्धी प्रकृयाका लागि कोल्हवी नगरकार्यपालिको **वैठक संचालन सम्वन्धी कार्यविधि, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

**झ) एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४**

कोल्हवी नगरपालिका भित्र संचालनमा रहेको सुचना मनोरंजन लगायत नगरपालिका भित्र सुचना प्रविधिलाई व्यवस्थित र मयार्दित तवरले सुचना प्रवाह गर्ने एफ.एम रेडियो संचालनलाई व्यवस्थित वनाउन कोल्हवी नगरपालिका **एफ.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

**ञ) कोल्हवी नगर कार्यपालिका (कार्य सम्पादन ) नियमावली, २०७४**

नेपालको संविधानको धारा २१८ ले दिएको अधिकार प्रयोग गरि कोल्हवी नगरपालिकाका निर्वाचित जन प्रतिनिधिहरुको कार्य क्षमता मापनको लागि कोल्हवी नगर कार्यपालिका **( कार्य सम्पादन ) नियमावली, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

**ट) कृषि व्यावसाय प्रवर्द्धन ऐन, २०७४**

कोल्हवी नगरपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरण द्वारा व्यवसायिक रूपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न

वाञ्छनीय भएकोले कोल्हवी नगरपालिका **कृषि व्यावसाय प्रवर्द्धन ऐन, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

### ठ) वजार अनुगमन निर्देशिका, २०७४

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाकोउत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचयस्थल, थोक तथा खुद्रा विक्रि स्थल रउपभोग स्थललगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता,नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमनगर्न कोल्हवी नगरपालिकाबाट नियमित रूपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले कोल्हवी नगरपालिका बाट गरिने **वजार अनुगमन निर्देशिका, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।

### ड) आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम कोल्हवी नगरपालिकाको सञ्चित कोषको सञ्चालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्चगर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२२ वमोजिम कोल्हवी नगरपालिकाको **आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४** नगरसभाबाट पारित गर्ने निर्णय गरियो ।